नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**आर्थिक प्रशासन शाखा**

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७३।७४
च.नं.१.१.३/ ६९२

मिति - २०७४।०२।३१

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै) ।

***विषयः- कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको नामनामेसी पठाइ दिने बारे ।***

प्रस्तुत विषयमा आ.व. २०७१।७२ को श्रेस्ता लेखापरीक्षण गराउँदा भएको अंकको १ प्रतिशत भन्दा कम बेरुजु कायम गर्ने र ७० प्रतिशत भन्दा माथि बेरुजु फर्छ्यौट गर्ने कार्यालय प्रमुख तथा आर्थिक प्रशासन शाखा प्रमुखलाई पुरस्कृत गर्ने र ५० प्रतिशतभन्दा माथि ७० प्रतिशतसम्म प्रगति गर्नेलाई सराहना गर्ने तथा न्यूनतम प्रगति पनि पुरा नगर्ने कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई सो प्रगति नपुग्ने कारण माग गरि अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि त्यस कार्यालयमा आ.व. २०७२।७३ को अन्त सम्म कार्यरत स्थानीय विकास अधिकारी र आर्थिक प्रशासन शाखा प्रमुख तथा प्राविधिक कार्यालयको जिल्ला ईन्जिनियर र आर्थिक प्रशासन शाखा प्रमुख तथा आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीको नामनामेसी विवरण यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा आइपुग्ने गरी छिटो साधन मार्फत पठाईदिनु हुन तथा सो विवरण यस मन्त्रालयमा कार्यरत कम्प्युटर अपरेटर श्री कविता पौडेलको kabisub85@gmail.com ईमेलमा समेत पठाईदिनु हुन श्रीमान् सचिवज्यूको निर्देशानुसार अनुरोध छ ।

यस आ.व.मा पनि साविकको अवस्था दोहोरिन नदिन बेरुजु फछ्यौंट मूल्याङ्कन तथा अनुगमन समितिको पत्रको प्रावधान उल्लेख गर्दै बेरुजु फछ्यौंट गर्ने कार्यालय प्रमुख तथा आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरुलाई कामको प्रगतिको आधारमा निम्नानुसार लक्ष्य तोकि पत्राचार भएको र सो सम्बन्धमा यस मन्त्रालयबाट च.नं ६५१,७१५,६० र ११५ मिति २०७३।०२।१२, २०७३।०३।०१, २०७३।०४।३० र २०७३।०५।२४ पत्रबाट समेत धेरै पटक ताकेता गरिएकोमा थोरै जिल्ला समन्वय समितिको कार्यालयले मात्र अपेक्षित प्रगति पुर्याएको अवस्था रहेको छ ।

<u>निम्न</u>

| | |
|---|---|
| ९० प्रतिशत भन्दा माथि १०० प्रतिशत सम्म | सर्वोत्कृष्ट |
| ७० प्रतिशत भन्दा माथि ९० प्रतिशत सम्म | उत्कृष्ट |
| ५० प्रतिशत भन्दा माथि ७० प्रतिशत सम्म | सामान्य |
| ५० प्रतिशत भन्दा कम | न्यून |

.............................
ढुण्डि प्रसाद निरौला
उप सचिव (लेखा)

***बोधार्थः-***

श्री सूचना तथा विद्युतीय महाशाखा,
संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार - website मा राखि दिनु हुन अनुरोध छ ।